# मादी गाउँपालिका

# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ४ भाद्र १५ गते, २०७७ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७७ सालको कार्यविधि नं. ४

## "एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७"

प्रस्तावना :

**एक वडा एक नर्सरी** स्थापनाबाट मौसमी तथा वेमौसमी तरकारी, फलफूल, भूइँघाँस तथा डाले घाँसका बिरुवा उत्पादन गरी कृषि तथा पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयआर्जन तथा रोजगारी सृजना मार्फत स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन मादी

मादी गाउँपालिका

गाँउपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७५ बमोजिम गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "**एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(१) ‘‘नर्सरी ” भन्नाले मौसमी तथा वेमौसमी तरकारी, फलफूल, भूइँघाँस तथा डाले घाँसबालीका बेर्ना उत्पादन गर्ने नर्सरीलाई सम्झनु पर्छ । र सो शब्दले नर्सरीबाट उत्पादित उपज व्यवसाय प्रवर्द्धनको लागि विक्री वितरण गर्ने कार्य समेतलाई जनाउँछ ।

(२) “उपभोक्ता” भन्नाले नर्सरीबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी वा समुदाय समेतलाई सम्झनुपर्छ ।

(३) “उपभोक्ता समिति” भन्नाले नर्सरीका स्थापना, निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येबाट आपसी सहमतीमा गठन गरेको समिति सम्झनुपर्छ ।

(४) “गाउँपालिका” भन्नाले मादी गाउँपालिका सम्झनुपर्छ ।.

मादी गाउँपालिका, कास्की

(५) "वडा कार्यालय" भन्नाले मादी गाउँपालिका वडा कार्यालय सम्झनुपर्छ ।

(६) "फार्म, कम्पनी, संस्था" भन्नाले प्रचलित कानुन अनुसार गाउँपालिका वा कुनै पनि सरकारी कार्यालयमा दर्ता भई संचालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनुपर्छ ।

(७) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएका कृषि सम्बन्धी कार्य गर्ने सहकारी संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२

## नर्सरी स्थापनाको उद्देश्य

३. **उद्देश्य :**

(१) गाउँपालिका भित्र मौसमी तथा वेमौसमी तरकारी, फलफूल, भूइँघाँस तथा डाले घाँसबालीको विउ तथा वेर्नाको उत्पादन गर्ने ।

(२) स्थानीय स्तरमा रोजगारी तथा आय आर्जन बृद्धि गर्ने ।

(३) गाउँपालिकालाई मौसमी तथा वेमौसमी तरकारी, फलफूल, भूइँघाँस तथा डाले घाँसबाली विरुवा उत्पादनमा आत्मानिर्भर बनाउने ।

## परिच्छेद-३

मादी गाउँपालिका, कास्की

## नर्सरी स्थापना तथा कार्यक्रम सञ्चालन प्रक्रिया

**४. एक वडा एक नर्सरी स्थापना तथा संचालन प्रकृया :**

(१) एक वडा एक नर्सरी स्थापना संचालन गर्ने जिम्मेवारी सम्बन्धित कृषक/ कृषक समूह/ कृषि सहकारी/निजी फर्म/ दर्ता भएका फलफूल तथा तरकारी नर्सरीको रहने छ ।

(२) एक वडा एक नर्सरी संचालनको लागि गाउँपालिकाले नगद, जिन्सी तथा प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

(३) एउटा वडामा एउटा मात्र नर्सरी स्थापनाको लागि आवेदन स्वीकृत गरिने छ ।

**५. सूचना प्रकाशन :**

(१) गाउँपालिकाले एक वडा एक नर्सरी स्थापनाको लागि १५ दिने सूचना प्रकाशन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वानको सूचना प्रकाशन भएपछि इच्छुक फर्म, व्यवसायी, कृषक/ कृषक समूह/ कृषि सहकारी संस्था तथा अन्य नर्सरीले सूचनामा तोकिएको समय भित्र अनुसूची-२ अनुसारको निवेदन, अनुसूची-३ अनुसारको संक्षिप्त व्यवसायिक कार्ययोजना तथा अनुसूची-४ र ५ बमोजिमको प्रतिवद्धता पत्र वडा कार्यालय मार्फत गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

(३) नर्सरी संचालकले प्रश्ताव पेश गर्दा कम्तीमा दुई रोपनी क्षेत्रफल भएको जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि तथा पाँच वर्ष सम्मको भाडा सम्झौता, वनक्षेत्र

मादी गाउँपालिका, कास्की

भएमा वन उपभोता समिति तथा अन्नपूर्ण संरक्षण क्षेत्र भएमा संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस समेत पेश गर्नुपर्ने छ ।

## ६. प्रस्ताव छनौट र सम्झौता :

(१) कार्यविधि अनुसार दर्ता भएका प्रस्तावहरु दफा ८ बमोजिमको कार्यक्रम मूल्यांकन समिति मार्फत मूल्यांकन गरिने छ ।

(२) मूल्यांकन समितिले आवश्यकता अनुसार अनुसूची ६ मा तोकिएको मुल्यांकन शिर्षक अनुसार थप मुल्यांकन उपशिर्षक निर्धारण गर्न सक्नेछ ।

(३) अनुगमनको क्रममा प्रश्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा, प्राविधिकबाट अनुपयूक्त देखिएमा प्रस्ताव अस्वीकृत हुने छ ।

(४) उपयुक्त प्रस्ताव छनौट गरी समितिले स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने छ ।

(५) छनौट भएको नर्सरी संचालकले विउ पूँजी कोष स्थापनाको लागि प्राप्त गर्ने अनुदान वा सामाग्री प्राप्त गर्नको लागि गाउँपालिका संग कम्तीमा पाँच वर्षको सम्झौता गरी शुरु गर्नुपर्ने छ ।

**७. संचालन हुने मुख्य मुख्य क्रियाकलाप :** एक वडा एक नर्सरी स्थापना तथा संचालन गर्ने कार्यक्रम अर्न्तगत संचालन हुने मुख्य मुख्य क्रियाकलापहरु देहाय बमोजिम छन् :

मादी गाउँपालिका, कास्की

(क) मौसमी तथा वेमौसमी तरकारी, फलफुल, डाले घाँस तथा भुईघाँसका विरुवा उत्पादन गर्ने,

(ख) विरुवा वितरण तथा वगैंचा निर्माण गर्ने,

(ग) सिंचाई पूर्वाधार निर्माण, (थोपा सिंचाई,)

(घ) कृषि औजार उपकरण वितरण,

(ङ) कृषि खेती प्रविधि तालिम संचालन,

(च) अनुगमन निरीक्षण,

८. **कार्यक्रम मुल्यांकन समिति :** एक वडा एक नर्सरी स्थापना तथा संचालन कार्यक्रममा सहजीकरणको लागि गाउँपालिकामा देहायको बमोजिमको एक कार्यक्रम मूल्यांकन समिति रहने छ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| ख. | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ग. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. | कृषि विकास शाखा प्रमुख | सदस्य |

सचिव

९. **मुल्यांकन समितिको काम, कर्तव्य र अधिकार :**

(१) कार्यक्रम मुल्यांकन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुने छ ।

(क) माग संकलनको लागि सूचना प्रकाशन गर्ने,

मादी गाउँपालिका, कास्की

(ख) कार्यक्रम कार्यन्वयनको लागि प्राविधिक लागत अनुमान तयार गर्ने,

(ग) प्राप्त निवेदनहरुको छनौटको आधारमा मुल्यांकन गरी अनुदान ग्राही छनौट गर्ने,

(घ) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराइने अनुदान रकम तथा जिन्सीको एकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,

(ङ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएको कार्यको अनुगमन गर्ने,

(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न हुन नसक्ने देखिएमा अनुदान सम्झौता रद्ध गर्न सिफारिस गर्ने ।

(छ) समितिको सचिवालयको काम गाउँपालिकाको कृषि विकास शाखाले गर्ने छ ।

१०. **मापदण्ड तथा कार्यक्रम संचालन प्रकृया वनाइने :** (१) नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया सम्बन्धी व्यवस्था अनुसूची ८ बमोजिम हुने छ ।

११. **सहुलियत दररेटमा विरुवा उपलब्ध गराउनुपर्ने :** नर्सरी संचालकले मौसम अनुसारका विरुवा उत्पादन गरेर गाउँपालिकाले निर्धारण गरेको दररेटमा माग संख्याको आधारमा गाउँपालिका बासिन्दालाई विरुवा उपलब्ध गराउनु पर्नेछ ।

१२. **नर्सरीको डिजाइन, लेआउट तथा लागत इस्टिमेट तयार गर्नुपर्ने :** गाउँपालिकाले नर्सरीको लागि आवश्यक पर्ने डिजाइन,

स्पेसिफिकेसन, लेआउट तथा लागत इस्टिमेट उपलब्ध गराउनु पर्नेछ ।

१३. **नवीकरण गर्नुपर्ने :** नर्सरी सञ्चालकले हरेक वर्ष तोकिएको शुल्क तिरी नवीकरण गर्नुपर्ने छ ।

१४. **गाउँपालिकाले अनुदान, जिन्सी तथा प्राविधिक सहयोग दिन सक्नेः** नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यको लागि गाउँपालिकाले प्रत्येक वर्ष अनुदान, जिन्सी तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क. नगद अनुदान दिन सकिने : कार्यालयमा सम्झौता भइसकेपछि कार्यालयले सम्बन्धित समूह तथा व्यक्तिको लागि सम्झौता रकमको बढीमा ३० प्रतिशत नबढ्ने गरी नगद अनुदान उपलब्ध गराउन सक्नेछ ।

ख. बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्नुपर्ने : अनुदान रकम भुक्तानी दिंदा बैंकिङ प्रणालीमार्फत गर्नुपर्नेछ ।

ग. जिन्सी सहयोग दिन सकिने : नर्सरीको लागि आवश्यक पर्ने कृषि सामग्री, कृषि औजार उपकरण पालिकाले खरिद गरी उपलब्ध गराउन सक्ने छ ।

१५. **अनुगमन सम्बन्धी व्यवस्था :** नर्सरीमा भए गरेका कामहरुको गाउँपालिका तथा वडा कार्यालयले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

१६. **नर्सरी संचालकले पालना गर्नुपर्ने दायित्वः** नर्सरी संचालकले गाउँपालिकासँग भएको सम्झौता बमोजिमको दायित्व अनिवार्य रुपमा पूरा गर्नुपर्ने छ ।

माडी गाउँपालिका, कास्की

१७. **कारवाही हुने :** सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने नर्सरी संचालकलाई उपलब्ध गराइने अनुदान  रोक्का गर्नुको साथै प्रचलित कानुन बमोजिम कारवाही गरिने छ । साथै अनुदान प्राप्त गरेको रकम हिनामिना गरेको पाइएमा  सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१८ **प्रगति प्रतिवेदन बुझाउनु पर्ने :** अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा वडा कार्यालय तथा गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्ने छ ।

१९. **प्राविधिक सहयोग लिन सकिने :** नर्सरी संचालकले गाउँपालिकाका कृषि प्राविधिकबाट प्राविधिक सहयोग लिन सक्ने छन् ।

२०. **संशोधन वा खारेजी :** (१) गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्ने छ ।

मादी गाउँपालिका, कास्की

## अनुसूची- १

### (दफा ५ को उपदफा (१) संग सम्बन्धित)

### एक वडा एक नर्सरी स्थापना, संचालन तथा व्यवस्थान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति :

मादी गाउँपालिकाको आर्थिक वर्ष ……… को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार एक वडा एक नर्सरी स्थापना कार्यक्रम अर्न्तगत तोकिएको वडामा इच्छुक, कृषक/कृषक समूह/ निजी फार्म/ कृषि सहकारी संस्था तथा फलफूल तथा तरकारी नर्सरीहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यविधि बमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. अनुसूची २ बमोजिमको निवेदन,
२. नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपि,
३. अनुसूची ३ बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. फार्म, कम्पनी, संस्था तथा सहकारीको दर्ता प्रमाणपत्र प्रतिलिपि
६. कम्तीमा दुई रोपनी क्षेत्रफल भएको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि तथा कम्तीमा पाँच वर्ष सम्मको भाडा सम्झौता
७. जग्गा सार्वजनिक वन क्षेत्र भएमा वन उपभोक्ता समिति तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस,
८. तालिम तथा अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि (उपलब्ध भएमा)
९. अनुसूची ५ बमोजिमको प्रतिवद्धता पत्र

नोट : थप जानकारी सम्बन्धित वडा कार्यालय मार्फत प्राप्त गर्न सकिने छ ।

मादी गाउँपालिका, कास्की

# अनुसूची- २

## (दफा (५) को उपदफा (२) संग सम्बन्धित)

## आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

**मिति :** ...........................

श्री मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

गण्डकी प्रदेश, नेपाल ।

विषय : एक वडा एक नर्सरी कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा ताहाँ कार्यालयबाट मिति .................. मा प्रकाशित सूचना अनुसार एक वडा एक नर्सरी कार्यक्रम अर्न्तगत अनुदान प्राप्त गरी नर्सरी स्थापना, विरुवा वितरणको लागि देहायका कागजातहरु यसै निवेदन साथ संलग्न राखी अनुरोध गर्दछु ।

१. अनुसूची-२, बमोजिमको निवेदन,
२. नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपि,
३. अनुसूची-३, बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. फार्म, कम्पनी, संस्था तथा सहकारीको दर्ता प्रमाणपत्र प्रतिलिपि
६. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि तथा कम्तिमा पाँच वर्षको भाडा सम्झौता पत्र
७. अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि (भएमा)
८. अनुसूची ५ बमोजिमको प्रतिवद्धता पत्र ।

नर्सरी संचालकको तर्फबाट

मादी गाउँपालिका, कास्की

नाम :

ठेगाना :

सम्पर्क नं.

दस्तखत :

मिति :

| दायाँ | वायाँ |
| --- | --- |
| | |

माादी गाउँपालिका, कास्की

## अनुसूची- ३

### (दफा (५) को उपदफा (२) संग सम्बन्धित)

### संक्षिप्त व्यवसायिक कार्ययोजना

**मिति :**

..........................

**क. नर्सरीको परिचय :**

१. व्यवसायिक कृषक/कृषक समूह/फार्म/कम्पनी/संस्था/समूह/सहकारीको नाम :
२. ठेगाना :
३. नर्सरी स्थापनाको लक्ष्य र उद्देश्य :
४. लाभान्वित जनसंख्या (कृषक संख्या) :
५. नर्सरी स्थापना हुने जग्गाको क्षेत्रफल :
६. जग्गाको स्वामित्व प्रकृति : सार्वजनिक/निजी/सामुदायिक

ख. नर्सरीबाट उत्पादन हुने मुख्य/मुख्य विउ, विरुवा तथा वेर्नाको किसिम :
ग. नर्सरी संचालनमा संलग्न रहने जनशक्ति संख्या :
घ. अनुमानित लागत :
ङ. नर्सरी स्थापना सम्बन्धी अनुभव :
च. सिंचाईको अवश्था :
छ. नर्सरी स्थापना गर्ने स्थानको माटोको प्रकार :
झ. नर्सरीबाट वार्षिक रुपमा उत्पादन हुने विउ, विरुवा तथा वेर्नाको अनुमानित परिमाण/संख्या :
ञ. अपेक्षित उपलब्धी :
ट. नर्सरीबाट कृषि क्षेत्रमा पार्न सक्ने सकारात्मक प्रभावहरु :
ठ. नर्सरी संचालन सम्बन्धी अन्य व्यवस्था :

.

नर्सरी संचालकको तर्फबाट

नाम :

ठेगाना :

सम्पर्क नं.

दस्तखत :

मिति :

| दायाँ | वायाँ |
|---|---|
| | |

मादी गाउँपालिका, कास्की

## अनुसूची- ४

## (दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## <u>नर्सरी संचालकको प्रतिबद्धतापत्र</u>

मादी गाउँपालिका एक वडा एक नर्सरी संचालन तथा व्यवस्थापन कार्यक्रम अर्न्तगत फलफुल/तरकारी/भूइँ घाँस तथा डाले घाँसका विउ वेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गरेको छु/ छौं कार्यलयले तयार गरेको नर्सरी संचलान तथा व्यवस्थापन कार्यविधिमा भए बमोजिमको प्रावधानहरु पालनागर्दै नर्सरी स्थापना तथा सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/ गर्दछौं । नर्सरी तयार भएपछि कम्तीमा ५ (पाँच) वर्ष सम्म गाउँपालिकाको समन्वयमा संचालन गर्न छु/ छौं । सम्झौतामा उल्लेख भए अनुसारको कार्य नगरेमा, ५ (पाँच) वर्ष अगावै सो कार्य बन्द गरेमा, संचालित क्रियाकलापबाट वातावरणमा प्रतिकुल असर पार्ने कार्य गरेमा, सम्झौताका शर्त बमोजिम कार्य नगरेमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तयार छु/ छौं भनी प्रतिबद्धता गर्दछु/ गर्दछौ ।

इति संवत् ..........साल .......... महिना .............. गते ..........रोज, शुभम् ।

नर्सरी संचालकको तर्फबाट

नाम :

ठेगाना :

सम्पर्क नं.

दस्तखत :

मिति :

| दायाँ | वायाँ |
|---|---|
| | |

मादी गाउँपालिका, कास्की

# अनुसूची- ५

## (दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## वडा कार्यालयको प्रतिबद्धता पत्र

मादी गाउँपालिका कार्यालय एक वडा एक नर्सरी संचालन तथा व्यवस्थापन कार्यक्रम अर्न्तगतयस वडा नं. ............. मा स्थापना भएको नर्सरी संचालन तथा व्यवस्थापनको सम्बन्धमा सम्झौतामा उल्लेख भए अनुसारको कार्य गरे नगरेमा नियमित अनुगमन गरी गाउँपालिका कार्यालयलाई जानकारी गराउने छौं भनी प्रतिबद्धता जनाउदछौं ।

इति संवत ..........साल ......... महिना ............. गते ..........रोज शुभम् ।

वडा कार्यालयको तर्फबाट:

नाम :

पद :

सम्पर्क नं.

दस्तखत :

मिति :

| कार्यालयको छाप |
|---|
| |

मादी गाउँपालिका, कास्की

# अनुसूची- ६

## (दफा ६ संग सम्बन्धित)

## नर्सरी संचालनको लागि प्रस्तावको मुल्यांकन मापदण्ड

१. **कृषक/कृषक समूह/फार्म/कम्पनी/संस्था/समुह/सहकारी सूचना प्रकाशन हुनु पूर्व रीत पुर्वक दर्ता भएको हुनुपर्दछ।**

२. **भौगोलिक र वातावरणीय उपयुक्तता : (१० अंक)**

३. **व्यवसाय विस्तारको प्रस्ताव : (१० अंक)**

४. **आवेदकले पेश गरेको जग्गाको किसिम र क्षेत्रफल : (५ अंक)**

५. **प्राविधिक ज्ञान अनुभव र दक्षता : (५ अंक)**

६. **व्यवसायिक योजना : (१० अंक)**

- उत्पादन योजना : (२ अंक)
- बजार योजना : (२ अंक)
- संगठन तथा व्यवस्थापन : (२ अंक)
- वित्तिय योजना वापत : (२ अंक)
- दिगोपना वापत : (२ अंक)

७. **नविनतम सोच : (१० अंक)**

**जम्मा : (५० अंक)**

मादी गाउँपालिका, कास्की

# अनुसूची-७

## सम्झौतापत्र

मादी गाउँपालिका (यस पछि प्रथम पक्ष) भनिने र ................... ................... ................... (यस पछि दोस्रो पक्ष भनिने) बीच एक वडा एक नर्सरी स्थापना तथा व्यवस्थापन कार्यक्रमबाट नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धमा तल उल्लेखित शर्तहरुको अधिनमा आवश्यक कार्य गर्ने गरी सम्झौता सम्पन्नभयो ।

१. यो सम्झौता पत्र एक वडा एक नर्सरी स्थापना तथा संचालन कार्यको लीागि प्रयोग हुने छ ।
२. यो सम्झौता दुवैपक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको १५ (पन्ध्र) दिन भित्र शुरु गुर्नपर्नेछ ।
४. दोस्रो पक्षले नर्सरी रहेको स्थानमा अनुदान सम्बन्धी विवरण झल्कने बोर्ड राख्नु पर्ने छ ।
५. प्रथम पक्षले कुनै पनि समयमा नर्सरीको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ ।
६. नर्सरीबाट उत्पादन भएका विरुवा विक्री गर्दा कृषि विकास शाखामार्फत कायम गरिएको मुल्यमा विक्री वितरण गर्नुपर्ने छ ।
७. दोस्रो पक्षले कार्यक्रमको प्रगति विवरण मासिक रुपमा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिका कार्यालयमा पेश गर्नुपर्ने छ ।
८. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम हुने तथा थप घट गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा थप घट हुने छ ।
९. यस सम्झौतामा रहेका कुराहरु यसै बमोजिम र सम्झौतामा नपरेका कुराहरु प्रचलित कानुन बमोजिम हुने छन् ।

मादी गाउँपालिका, कास्की

प्रथमपक्षको तर्फबाट तर्फबाट :

दोस्रो पक्षको

नाम

नाम :

पद

ठेगाना :

मिति

मिति

हस्ताक्षर

हस्ताक्षर

कार्यालयको छाप

मादी गाउँपालिका, कास्की

# अनुसूची-८

नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया सम्बन्धी व्यवस्था

**१.** नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन प्रकृया देहाय वमोजिम गरिने छ।

**क. कार्यक्रम सञ्चालनका आधारभूत पक्षहरुः**

१. बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि मुख्य उत्पादन फलफूलका र अन्य उत्पादनमा तरकारी, आलङ्कारिक बिरुवा समेत समावेश गर्न सकिनेछ र स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रममा दर्ता भएको फलफूल नर्सरीलाई मात्र कार्यक्रममा समावेश गर्नृ सकिनेछ।

२. सम्बधित बालीको बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकाणबाट उपयुक्त स्थानमा नर्सरी अवस्थित हुनुपर्नेछ। सुन्तला जात फलफूल नर्सरीको हकमा समुद्री सतहबाट १२०० मिटर भन्दा माथि मात्र नर्सरी स्थापना गर्नुपर्नेछ।

३. आवश्यकता अनुसारको बिरुवा उत्पादन गर्न सकिने तथा अन्य सुविधाहरु समायोजन गर्न सकिने क्षेत्रफल हुनुपर्नेछ। जाली घरमा भए बिरुवा उत्पादनको लागि कम्मतीमा २ रोपनी र खुला जग्गामा भए कम्तीमा ५ रोपनीमा नर्सरी हुनुपर्नेछ।

४. आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिई नर्सरि स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तिमा पनि १० वर्षको लागि करार सम्झौता गरेको हुनुपर्नेछ।

मादी गाउँपालिका, कास्की

५. नयाँ स्थापित बहुउद्देश्यीय नर्सरी तथा क्षमता अभिबृद्धि गरिएको नर्सरीहरुको हकमा वार्षिक रुपमा कम्तीमा क्रमशः १०००० तथा १५००० गुणस्तरीय फलफूल बिरुवा उत्पादन क्षमता भएको हुनुपर्नेछ ।

६. नर्सरीमा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

७. कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

८. वर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनु पर्नेछ ।

९. बिजुली तथा संचार सुविधा भएको हुनुपर्नेछ ।

१०. नर्सरी भएको स्थानमा कुशल श्रमीकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सिप सिकाउन सकिने जनशक्तिको उपलब्धता, यातायात र मुख्य सडक सग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

११. वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरि कार्यान्वयन गरेको हुनु पर्नेछ ।

## ख. कार्यक्रम विस्तृतीकरण तथा सहजीकरण सेवा तथा सुविधाः

१. यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चान हुने बहुउद्देशिय नर्सरी स्थापना एवं हाल सञ्चालनमा रहेका नर्सरीको क्षमता अभिवृद्धिकार्यक्रम अर्न्तगत देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछ ।

मादी गाउँपालिका, कास्की

२.	नयाँ नर्सरी स्थापना तथा स्थापित नर्सरीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक बिउ,  बेर्ना खरिद,

३.	कृषि औजार उपकरण खरिद ।

४.	मलखाद, विषादी र अन्य आवश्यक सामग्री खरिद,

५.	सिंचाई पूर्वाधार,

६.	अन्य अत्यावश्यक सामग्री एवं पूर्वाधार ।

**ग. अनुदान प्रवाह :**

१.	यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने कृयाकलाप, सोको समय-सारिणी एवं उनीहरुले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी गाउँपालिकासँग सम्झौता गर्नेछन् ।

२.	बुँदा (१) बमोजिम हुने सम्झौता अनुसार गाउँपालिकाले अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्नेछ ।

**घ. कार्यक्रम संचालनमा गाउँपालिकाको जिम्मेवारी**

१.	कार्यक्रम विस्तृतीकरण

२.	लाभग्राही/अनुदानग्राही छनोट, सम्झौता एवं अनुदान प्रवाह

३.	नियमित अनुगमन,  पृष्ठपोषण एवं प्रतिवेदन

४.	उत्पादित बीउ, विरुवा, बेर्नाको बिक्री वितरणमा सहजीकरण

५.	तोकिएको ठाउँमा फलफूल बिरुवा रोपण कार्यक्रम संचालन

६.	सशर्त वित्तीय हस्तान्तरणमार्फत् गाउँपालिकामा संचालन हुने कार्यक्रमका लागि संघीय सरकारबाट लागत सहभागिता सुनिश्चित गर्नुपर्ने भनी तोकिएकोमा गाउँपालिकाले सोहीअनुसार गर्ने ।

माडी गाउँपालिका, कास्की

## ङ. कार्यक्रम अनुगमन, मूल्यांकन एवं प्रतिवेदन

१. **विवरण प्रकाशन गर्नुपर्ने** : गाउँपालिकाले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित रुपमा अद्याधिक सूचनापाटी तथा वेभसाइटमा प्रकाशन गर्नेछ ।

२. **प्रगति विवरण पठाउनुपर्ने :**

**२.१.** कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्थाले चौमासिक तथा वार्षिक प्रगति विवरण मादी गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ । यसबाहेक गाउँपालिकाबाट माग भएबमोजिमको प्रगति तथा अन्य विवरणसमेत पठाउनुपर्नेछ ।

२.२.कार्यक्रमको नियमित प्रगति पेश नगर्ने व्यक्ति वा संस्थालाई आगामी आ.व.का कार्यक्रम संचालनका लागि बजेट वा अनुदान उपलब्ध गराइनेछैन ।

२.३. अनुगमन मूल्यांकन : अनुदानग्राहीले गरेको कामको अनुगमन आवश्यकता अनुसार गाउँपालिकाले गर्नेछ । यसरी भएको अनुगमनको क्रममा दिइएको लिखित वा मौखिक निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

२.४. यस कार्यविधिमा उल्लेखित कार्यक्रम संचालन प्रक्रियाबमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएका वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुनबमोजिम कारवाही गरी रकम असुल उपर गरिनेछ ।

मादी गाउँपालिका, कास्की

## च. नयाँ नर्सरी स्थापना एवं हाल संचालनमा रहेका नर्सरीको क्षमता अभिवृद्धिका लागि आवश्यक योग्यता, गुणस्तर र शर्तहरु

**१ नर्सरी धनीले पालना गर्नुपर्ने :**

१.१.नर्सरी धनीले मापदण्डबमोजिको बालीहरुको जात, बीउ, रुटस्टक, सायनस्टक मात्र प्रयोग गर्नुपर्नेछ

१.२. विभिन्न फलफूल बालीहरुको बीउ, बिरुवाहरु, सायन, रुटस्टक तथा माउबोटको गुणस्तर उल्लेखित तालिकाबमोजिम कायम भएको हुनुपर्नेछ ।

१.३.यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने नर्सरी धनीले अनिवार्य रुपमा बिरुवा बिकी वितरणको अनुमति पत्र लिई बिकी वितरण गर्नुपर्नेछ ।

१.४.नर्सरीमा गरिने क्रियाकलापहरुको अभिलेख अनिवार्य रुपले राख्नुपर्नेछ ।

१.५.नयाँ स्थापित  नर्सरी गाउँपालिकामा अनिवार्य रुपले दर्ता गरिएको हुनुपर्नेछ ।

१.६. वार्षिक रुपमा नर्सरी धनीले नर्सरी निरीक्षकबाट निरीक्षण गराउनुपर्नेछ ।

१.७.उत्पादित तथा बिक्री वितरण भएका विरुवाको अभिलेख राखी वार्षिक रुपमा गाउँपालिकामा उपलब्ध गराउनुपर्नेछ ।

## २. नर्सरी बिरुवा गुणस्तर मापदण्ड :

२.१. बिक्री गर्ने फलफूल बिरुवाको गुणस्तर मापदण्ड :

२.२. फलफूलको बिरुवा रोग र कीरारहित स्वस्थ हुनुपर्नेछ ।

२.३. उन्नत जातका बिरुवालाई प्राथमिकता दिनुपर्नेछ ।

२.४. कलमी प्रविधि उपयुक्त हुने फलफूल बालीमा कलमी गरिएको बिरुवालाई प्राथमिकता दिनुपर्नेछ ।

२.५. सुन्तला जात फलफूलको हकमा सिट्रस ग्रिनिङ र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भनी नर्सरी निरीक्षकबाट प्रमाणित भएको बिरुवा हुनुपर्नेछ ।

माडी गाउँपालिका, कास्की

२.६.नियन्त्रित जाली घरभित्र उत्पादित सुन्तला जाज फलफूल बिरुवालाई प्राथमिकता दिनुपर्नेछ ।

२.७. स्याउको बिरुवाको हकमा काउन गलरोग तथा सान्जोस स्केल नभएको हुनुपर्नेछ ।

२.८. विभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतमा मापदण्ड :

| क.स. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १ | ओखर (दाँते) | १–३ | १–२ |
| २ | पिकानट (फुच्चे ओखर) | १–२ | १–२.५ |
| ३ | कागजी बदाम | १–२ | १.५–२.५ |
| ४ | कटुस | २ | १.५–२.५ |
| ५ | किवी | १–२ | १–२ |
| ६ | सुन्तला | १–२ | १.५–२.५ |
| ७ | कागती | १–२ | १–१.५ |
| ८ | निबुवा | १–२ | १–२ |
| ९ | चाक्सी | १–२ | १–१.५ |
| १० | रुखकटहर | १–२ | १–२ |
| ११ | नरिवल | १–२ | १–२ |
| १२ | मेकाडेमियानट | १–२ | १–२ |
| १३ | एभोकाडो | १–२ | १–२ |
| १४ | सुपारी | १–२ | १–२ |
| १५ | काजु | १–२ | १.५–२.५ |
| १६ | मेवा स्थानीय (पोलिब्याग) | ६ महिना | १–१.५ |
| १७ | मेवा वर्णशंकर (पोलिब्याग) | ६ महिना | १–१.५ |
| १८ | अमला | १–२ | १–२ |
| १९ | सरीफा | १–२ | १–२ |
| २० | कफी | ८ महिना भन्दा | १–२ |

| | | | |
|---|---|---|---|
| | | बढी | |
| २१ | काफल | १–२ | १–२ |
| २२ | अम्बा | १–२ | १–२ |
| २३ | बयर | १–२ | १–२ |
| २४ | बेल | १–२ | १–२ |
| २५ | जैतुन | १–२ | १–२ |

बिभिन्न फलफूलका कलमी बिरुवाहरुको न्यूनतम मापदण्ड :

| क्र.स. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १ | ओखर (दाँते) | १.५–२.५ | १–२ |
| २ | पिकानट (फुच्चे ओखर) | १.५–२.५ | १–२.५ |
| ३ | कागजी बदाम | १.५–२.५ | १.५–२.५ |
| ४ | कटुस | १.५–२.५ | १.५–२.५ |
| ५ | किवी | १.५–२.५ | १–२ |
| ६ | सुन्तला | १.५–२.५ | १.५–२.५ |
| ७ | नास्पाती | १.५–२.५ | २–३ |
| ८ | आरु | १.५–२.५ | १.५–३ |
| ९ | आरुबखडा | १.५–२.५ | १.५–३ |
| १० | चेरी | १.५–२.५ | १.५–३ |
| ११ | खुर्पानी | १.५–२.५ | १.५–२.५ |
| १२ | हलुवावेद | १.५–२.५ | १.५–२.५ |
| १३ | लप्सी | १.५–२.५ | १.५–२.५ |
| १४ | जुनार | १.५–२.५ | १.५–२.५ |
| १५ | कागती | १.५–२.५ | १–१.५ |
| १६ | निबुवा | १.५–२.५ | १–२ |
| १७ | भोगटे | १.५–२.५ | १–२ |

मादी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| १८ | चाक्सी | १.५–२.५ | १–१.५ |
| १९ | रुखकटहर | १.५–२.५ | १–२ |
| २० | विमिरो | १.५–२.५ | १–२ |
| २१ | किन्नो | १.५–२.५ | १–२ |
| २२ | मुन्तला | १.५–२.५ | .७५–१.५ |
| २३ | आँप (अबिहायात) | १.५–२.५ | १–२ |
| २४ | आँप (अम्रपाली र मल्लिका) | १.५–२.५ | १.५–३ |
| २५ | आँप (अन्य जात) | १.५–२.५ | १.५–३ |
| २६ | मेवा वर्णशंकर (पोलिब्याग) | १.५–२.५ | १.५–३ |
| २७ | सपोटा | १.५–२.५ | २ |
| २८ | एभोकाडो | १.५–२.५ | १.५–३ |
| २९ | लौकाट | १.५–२.५ | १–२ |
| ३० | जैतुन | १.५–२.५ | १–२ |
| ३१ | फीजुवा | १.५–२.५ | १–२ |

विभिन्न फलफूलको कटिङ (जरावाल विरुवा )

| क्र. सं | फलफूलको नाम | उमेर ( वर्ष ) | उचाइ ( फिट) |
|---|---|---|---|
| १ | अनार | १ | १.५-२.५ |
| २ | अंगुर | १ | १.५-२.५ |
| ३ | अन्जिर | १ | १.५-२.५ |
| ४ | भजेलनट | १-२ | १.५-२.५ |
| ५ | जैतुन | १-२ | १-२ |
| ६ | भुइँ ऐसुलु ( स्ट्रबेरी ) | ३-६ महिना | १ |

कटिङ र कलमीबाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादन गरिएका फलफूलका बिरुवा

| क्र. सं | फलफूलको नाम | उमेर ( वर्ष ) | उचाइ ( फिट) |
|---|---|---|---|
| १ | लिची | १-२ | १-२ |
| २ | अम्बा | १-२ | १.५-२.५ |
| ३ | भुइँकटहर | ४ महिना | १.५-२.५ |
| ४ | केरा (सर्कस) | ३-६ महिना | १-२ |
| ५ | केरा ( टिस्युकल्चर ) | १ | १-२ |

स्क्रिनघरभित्र उत्पादित प्रमाणीकरण गरेको सुन्तला जात फलफूलको कलमी बिरुवा

| क्र. सं | फलफूलको नाम | उमेर ( वर्ष ) | उचाइ ( फिट) |
|---|---|---|---|
| १ | सुन्तला | १.५-२.५ | १.५-२.५ |
| २ | जुनार | १.५-२.५ | १.५-२.५ |
| ३ | कागती | १.५-२.५ | १-१.५ |

फलफूलको रुटस्टक बिरुवा

| क्र. सं | फलफूलको नाम | उमेर ( वर्ष ) | उचाइ ( फिट) |
|---|---|---|---|
| १ | स्याउ | १-२ | १.५-२.५ |
| २ | इडी मयल | १-२ | १-२ |
| ३ | केव एप्पल | १-२ | १-१.५ |
| ४ | हाडे ओख्खर | १-२ | १-२ |
| ५ | हलुवाबेद | १-२ | १-२ |
| ६ | चेरी | १-२ | १.५-३ |
| ७ | तीनपाते सुन्तला | १-२ | १-१.५ |
| ८ | लप्सी | १ | १.५-२.५ |
| ९ | सिन्ट्रेज | २ | १-१.५ |
| १० | ज्यामिर | १-२ | १-१.५ |
| ११ | आँप | १-२ | १-२ |

मादी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| १२ | किवी | १ | १-१.५ |
| १३ | आरु (स्थानीय) | १-२ | १-१.५ |
| १४ | जैतुन | १ | १-१.५ |

**ज. माउबोटको गुणस्तर**

१. माउबोटको स्रोत खुलेको हुनुपर्नेछ ।

२. माउबोटमा आनुवांशिक शुद्धता हुनुपर्ने र सर्वश्रेष्ठ गुण भएको हुनुपर्नेछ

३. रोग कीरा नलागेको हुनुपर्नेछ ।

**झ. गाउँपालिकाको कार्यक्रम संचालन गर्नेको जिम्मेवारी :**

१. वडा तहमा नर्सरी स्थापना एंव व्यवस्थापनमा सम्बन्धी कार्यमा प्राविधिक सहयोग गर्ने ।

२. कार्यक्रम संचालनमा सहजिकरण गर्ने ।

३. लाभग्राही/ अनुदानग्राही छनौट, सम्झौता एंवम अनुदान प्रवाह ।

४. गाउँपालिका स्तरमा नर्सरी एवं उत्पादिन बीउ, विरुवा तथा बेर्नाको लगत तयार गर्ने । तथा विक्री वितरणमा सहजिकरण गर्ने ।

५. स्थापना भएका नर्सरीको नियमिति अनुगमन गर्ने ।

**<u>ञ. तरकारी नर्सरीको आधारभुत मापदण्ड :</u>**

मादी गाउँपालिका, कास्की

१. तरकारी बीउ तरकारी उत्पादन क्षेत्र अनुरुप आवश्यक नर्सरी क्षेत्रका लागि बाली बीउदर अनुरुप आवश्यक बीउ परिमाण यकिन गर्ने ।

२. काउली समूह, गोल्भेडा, भण्टा, खुर्सानी, रायो, जिरीको साग आदिको लागि १ के.जी. सम्म ।

३. फर्सी समूहको लागि १० के.जी. सम्म

४. प्याजका लागि ४० के.जी. सम्म

५. रोगनाशक विषादी ५०० ग्राम

६. कीटनाशक विषादी २०० एम.एल

७. पोलिथिन व्याग ५ के.जी. सम्म

८. पोलिथिन व्याग (२०० गेजको) ५ के.जी. सम्म

९. पोलिथिन रवर पाइप (०.५ इन्च) ५० मिटर

१०. हजारी (१० लि. क्षमताको) १ थान

११. नापस्याक स्प्रेयर (९ लि. क्षमताको) १ थान

**ट. कुन-कुन अवश्थामा प्लाष्टिक घरमा विरुवा उत्पादन तथा तरकारी खेती गर्ने :**

१. बढी वर्षाले निम्त्याउने रोग कीराबाट बालीलाई जोगाउन र जाडो मौसममा पनि बर्षे तरकारी खेती गर्न परेमा प्लाष्टिक घर प्रविधि अपनाई तरकारी खेती तथा विरुवा उत्पादन गर्ने कार्य गरिन्छ ।

**ठ. कुन-कुन तरकारी बाली कहिले लगाउने :**

मादी गाउँपालिका, कास्की

१. चैत्र देखि श्रावणसम्म मुख्य बालीको रुपमा गोल्भेडा, भेडेखुर्सानी, हात्तीसुँडे खुर्सानी, अकवरे खुर्सानी, काँक्रा, जुकिनी फर्सी, तितेकरेला, तने वोडी, लगाएतको लहरे वाली

२. श्रावण देखि मंसिर सम्म मुख्य वालिको रुपमा गोल्भेंडाँ, भिडेखुर्सानी, हात्तीसुडे खुर्सानी, काउली, वन्दा, हिउदे सिमी, वोडी , घिउसिमी, लसुन, प्याज आदि

**ङ. प्लाष्टिक घर निर्माणको लागि आवश्यक सामग्री तथा अनुमानित खर्च :**

१. ८०० मिटर देखि १४०० मिटर सम्मको उचाई भएको क्षेत्रमा ५ मिटर चौडाइ र १० मिटर लम्बाइको घर निर्माण गर्दा :

| क.स. | सामग्री | इकाई | सामानको परिमाण | दर रु. | जम्मा |
|---|---|---|---|---|---|
| १ | खामोको लागि बाँस | संख्या | १० | १०० | १००० |
| २ | भटाको लागि बाँस | संख्या | ८ | १०० | ८०० |
| ३ | बलोको लागि बाँस | संख्या | ६ | १०० | ६०० |
| ४ | बाँध्नको लागि प्लाष्टिकको डोरी | संख्या | २ | १३० | २६० |
| ५ | ५० जि.एस.एम.को UV प्लाष्टिक | संख्या | १७५ | ४५ | ७८७५ |
| ६ | प्लाष्टिक जोड्ने वा गास्ने टेप | संख्या | २ | ५० | १०० |
| ७ | सेतो नाइलनको जाली | संख्या | १०५ | ५० | ५२५० |
| ८ | हाईग्रोमिटर (Dry र Wet आदि) | संख्या | १ | ३००० | ३००० |
| ९ | Max र Min देखिने थर्मोमिटर | संख्या | १ | ५०० | ५०० |

मादी गाउँपालिका, कास्की

| | | | | | |
|---|---|---|---|---|---|
| १० | थोपा सिंचाई | संख्या | १ | २५०० | २५०० |
| ११ | अलकत्रा | संख्या | २ | १५० | ३०० |
| १२ | ज्यामी | संख्या | ५ | ५०० | २५०० |
| | | | | | २४६८५ |

१. १४०१ मिटर देखि २००० मिटर सम्मको उचाई भएको क्षेत्रमा ५ मिटर चौडाइ र १० मिटर लम्बाइको घर निर्माण गर्दा :

| क्र.स. | सामग्री | इकाई | सामानको परिमाण | दर रु. | जम्मा |
|---|---|---|---|---|---|
| १ | धुरी खामोको लागि बाँस | संख्या | ४ | १०० | ४०० |
| २ | बलेसी खामोको लागि बाँस | संख्या | ८ | १०० | ८०० |
| ३ | भटाको लागि बाँस | संख्या | ८ | १०० | ८०० |
| ४ | बलोको लागि बाँस | संख्या | ६ | १०० | ६०० |
| ५ | बाँध्नको लागि प्लाष्टिकको डोरी | संख्या | २ | १३० | २६० |
| ६ | ५० जि.एस.एम.को UV प्लाष्टिक | संख्या | १७५ | ४५ | ७८७५ |
| ७ | प्लाष्टिक जोड्ने वा गास्ने टेप | संख्या | २ | ५० | १०० |
| ८ | सेतो नाइलनको जाली | संख्या | १०५ | ५० | ५२५० |
| ९ | हाईग्रोमिटर (Dry र Wet द्यगदि) | संख्या | १ | ३००० | ३००० |
| १० | Max र Min देखिने थर्मोमिटर | संख्या | १ | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | थोपा सिंचाई | संख्या | १ | २५०० | २५०० |
| १२ | अलकत्रा | संख्या | २ | १५० | ३०० |
| १३ | ज्यामी | संख्या | ६ | ५०० | ३००० |
| | | | | | २५३८५ |

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रशासकीय अधिकृत

मादी गाँउपालिका, कास्की